# डिभिजन वन कार्यालय, चितवन

## जिल्ला वन क्षेत्र समन्वय समितिको बैंठक
## मितिः 2083/04/28 गते

# बार्षिक स्वीकृत कार्यक्रम र वित्तीय प्रगति, 2082/83

- बजेट रु. हजारमा

| क्र.सं. | कार्यक्रमको नाम | बार्षिक लक्ष्य | | | खर्च | | | वित्तीय प्रगति% | | | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजी | चालु | जम्मा | पुँजी | चालु | जम्मा | पुँजी | चालु | जम्मा | |
| **क.** | **प्रदेश सरकार तर्फ** | | | | | | | | | | |
| १ | राष्ट्रियवन संरक्षण तथा व्ययवस्थापन | 6820 | 8338 | 15158 | 6498 | 5904 | 12402 | 95 | 71 | 82 | 92 |
| २ | वातावरण संरक्षण तथा शहरी वन | 39775 | 4058 | 43833 | 26700 | 3266 | 29966 | 67 | 80 | 68 | 90 |
| ३ | डिभिजनवन कार्यालयहरु | 3895 | 55071 | 58966 | 3759 | 44191 | 47950 | 96 | 80 | 81 | 98 |
| | **जम्मा** | **50490** | **67467** | **117957** | **36957** | **53361** | **90318** | **73** | **79** | **77** | **93** |
| **ख.** | **संघीय शसर्त अनुदान तर्फ** | | | | | | | | | | |
| १ | राष्ट्रियवन विकास तथा व्यवस्थापन (संघ शसर्त अनुदान) | 6540 | 0 | 6540 | 4780 | 0 | 4780 | 73 | 0 | 73 | 85 |
| २ | जडिबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान) | 2300 | 0 | 2300 | 1244 | 0 | 1244 | 54 | 0 | 54 | 80 |
| ३ | वातावरण विभाग (संघ शसर्त अनुदान) | 2500 | 0 | 2500 | 2500 | 0 | 2500 | 100 | 0 | 100 | 100 |
| ४ | डिभिजनवन कार्यालयहरु (संघ शसर्त अनुदान) | 0 | 9490 | 9490 | 0 | 9001 | 9001 | 0 | 95 | 95 | 100 |
| | **जम्मा** | **11340** | **9490** | **20830** | **8523** | **9001** | **17524** | **75** | **95** | **84** | **91** |
| | **कुल जम्मा (क+ख)** | **61830** | **76958** | **138788** | **45480** | **62362** | **107842** | **74** | **81** | **78** | **92** |

# काठ दाउरा सङ्कलन तथा विक्री वितरण

*** काठ क्यू.फि. र दाउरा चट्टामा**

| क्र.सं. | विवरण | पुरानो मौज्दात | | आ.व. 2082/83 को उत्पादन | | लिलाम/ बिक्री | | बाकी मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा |
| १ | सरकारद्धारा व्यवस्थित वन | 194922.46 | 285.00 | 99910.73 | 91.20 | 174925.10 | 240.25 | 119908.09 | 135.95 |
| 2 | जोखिमयुक्त | 0.00 | 0.00 | 11809.62 | 16.45 | 0.00 | 0.00 | 11809.62 | 16.45 |
| ३ | सामुदायिक वन | 56283.56 | 85.65 | 129720.44 | 234.92 | 71868.00 | 89.00 | 42564.44 | 231.57 |
| 4 | कबुलियती वन | 0.00 | 0.00 | 3598.70 | 5.00 | 3598.70 | 5.00 | 0.00 | 0.00 |
| 6 | निजी आवादी | 0.00 | 0.00 | 28596.03 | 82.69 | 28596.03 | 82.69 | 0.00 | 0.00 |
| | **जम्मा** | **251206.02** | **370.65** | **273635.52** | **430.26** | **278987.83** | **416.94** | **174282.15** | **383.97** |

- **सरकारदधारा व्यवस्थित वनको मौज्दात काठ/दाउरा विवरण**

**- आपूर्ति समितिलाई 14,930 क्यू.फि. छूट्याइएको**
**- वन निगमलाई बाडफाँट हुन बाँकी**
**- केही काठ/दाउरा लिलाम बिक्री हुँदै (जोखिमयुक्ता काठ/दाउरा समेत)।**

# राजश्व सङ्कलन र बेरुजुको अवस्था

सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम रु.
2,84,000/-

अन्य प्रशासनिक सेवा शुल्क रु.
26,01,500/-

व्यवसाय रजिष्टेशन दस्तुर रु.
2,26,000/-

राजस्व सङ्कलन बेरुजूबाट रु.
5,14,197/-

धरौटी सदरस्याहा
20,000/-

कुल जम्मा राजश्व सङ्कलन रु.
27,01,03,925।24

प्रदुषण नियन्त्रण शुल्क
200/-

वन क्षेत्रको रोयल्टी रु.
26,56,92,399।24

वन क्षेत्रको अन्य आय रु.
1,74,515/-

प्रशासनिक दण्ड, जरिवाना र जफत रु.
5,91,114/-

| | |
|---|---|
| क. राजस्व सङ्कलन | रु. 27,01,03,925।24 |
| ख. मु.अ.कर | रु. 4,54,87,167।44 |
| जम्मा | रु. 31,55,91,093।68 |

# मुद्दा सम्बन्धी कार्यहरु

## क. मुद्दाको विवरण (आ.व. 2074/75 देखि हालसम्म)

- **जम्मा मुद्दा संख्याः 181 (आ.व. 2082/83 को जम्मा 4 वटा)**
- **मुद्दा फर्यौट संख्याः 116 (आ.व. 2082/83 मा 32)**
- **बाँकी मुद्दा संख्याः 65**

## ख. मुद्दा/बेबारिसे सवारी साधन व्यवस्थापन

### लिलाम भएको

- **साइकल थान-267**
- **राजस्व सङ्कलनः रु. 2,52,000/-**

### प्रकृयामा रहेको

- **साइकल थान-59 कसुरजन्य**
- **मोटरसाईकल थान-81 (कसुरजन्य/मुद्दामा बरामदः21 र बेवारिसेः 60)**
- **बस, ट्रक, भ्यान, अटो, ट्र्याक्टर आदिः 25 गोटा**

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय चितवन
भरतपुर, चितवन, नेपाल

प.सं. ०८२/०८३ प्र.
च.नं. :

मिति:२०८३।०१।१०

पाना २

सम्पत्ति तथा जिन्सी मालसामान (साईकल ) लिलाम विक्रिको लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१० (चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिका)

७. लिलाम गरिने मालसामानको (साईकल) न्यूनतम मूल्य रु. २,५०,५००।- (अक्षेरुपी दुई लाख पचास हजार पांचसय मात्र) कायम गरिएको छ । न्यूनतम मुल्यको १३ प्रतिशत मु.अ.कर बुझाउनु पर्ने छ । बोलपत्रदाताले यसै बोलपत्र दाताले बोलपत्र भर्दा न्यूनतम मूल्य भन्दा कम कवोल गरेको वोलपत्र मान्य हुने छैन । बोलपत्र स्वीकृत गर्दा सवैभन्दा अधिकतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. लिलाम विक्रि सम्झौताको लागि बोलपत्र फारममा समावेश भएको सम्पूर्ण विषय लागु हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फारममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नु पर्ने छ ।

१०. बोलपत्र फारममा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

११. शर्त राखि वा रित नपुगेको र म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१२. पेश भएको बोलपत्रको मान्य अबधि साठी दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मूल्याकंन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

१३. लिलाम विक्रिबाट सकार गरेको जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्नेछ । उक्त मालसामान ढुवानी गरी एक ठाउँबाट अर्को ठाउँमा लैजादा लाग्ने सम्पूर्ण खर्च ( कर समेत) बोलपत्रदाताले आफैले व्यहोर्नु पर्नेछ ।

१४. लिलाम विक्रिको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ ।

१५. लिलाम विक्रि सम्झौता सम्वन्धि विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्वारा समाधान गरिनेछ ।

विष्णु प्रसाद आचार्य
डिभिजनल वन अधिकृत

# मुद्दा सम्बन्धी कार्यहरु

❒ वर्ष : ५२ ❒ अङ्क : १ ❒ पूर्णाङ्क : ५३१ ❒ २०८३ साउन १० गते आइतबार (Sunday, July 26th, 2026) (Web: www

## डिभिजन वन कार्यालय चितवनबाट ११६ मुद्दा फछ्र्यौट, करोडौँ राजस्व संकलन

•सुमन गैरे

भरतपुर/हरियाली र जैविक विविधताले भरिपूर्ण चितवनका जङ्गलहरु पछिल्लो समय अवैध काठ तस्कर र वन्यजन्तु शिकारीहरुको क्रिडास्थल बन्दै आएका थिए। तर, डिभिजन वन कार्यालय चितवनले वन अपराधविरूद्ध चालेको आक्रामक कदमले यतिबेला तस्कर समूहमा ठूलै खैलाबैला मच्चाएको छ। वर्षौंदेखि थाँती रहेका पुराना र जटिल मुद्दाहरुलाई एकाएक फाइल खोलेर द्रुत गतिमा फछ्र्यौट गर्न थालिएपछि राजनीतिक र सामाजिक पहुँचको आडमा जोगिँदै आएका वन तस्कर-हरुको भागाभाग सुरू भएको छ।

आर्थिक वर्ष २०७४/०७५ देखि संकलित आधिकारिक तथ्याङ्कले चितवनमा वन अपराधको जालो कति गहिरो छ भन्ने प्रस्ट पार्छ। सो अवधिदेखि हालसम्म डिभिजन वन कार्यालयमा कुल १ सय ८१ वटा मुद्दा दर्ता भएका छन्, जसमध्ये १ सय ६२ वटा वन पैदावार र १९ वटा वन्यजन्तु अपराधसँग सम्बन्धित छन्। यी मुद्दाहरुमा संलग्न रहेको अभियोगमा अहिलेसम्म २ सय ७९ जना प्रतिवादीहरु पक्राउ परिसकेका छन्। फरार रहेका ११० जना अभियुक्तहरुको खोजी कार्य र सुराकी सञ्जाललाई अझ तीव्र पारिएको डिभिजन वन कार्यालय चितवनका प्रमुख बिष्णुप्रसाद आचार्यले बताए।

हालसम्म सङ्कलन भएका विवरणअनुसार कार्यालयले वन तथा वन्यजन्तुसम्बन्धी विभिन्न मुद्दाहरुमा निरन्तर अनुसन्धान, अभियोजन र फछ्र्यौटको प्रक्रियालाई तीव्र पारेको जनाएको छ। लामो समयदेखि अड्किएका ६५ वटा मुद्दा अझै फैसलाको पर्खाइमा भए पनि कार्यालयले १ सय १६ मुद्दा सफलतापूर्वक फछ्र्यौट गरिसकेको छ।



पछिल्ला वर्षहरुमा मुद्दा फछ्र्यौटको रफ्तार हवात्तै बढेको छ। आव २०७९/०८० मा ५ वटा, आव २०८०/०८१ मा ३९ वटा, आव २०८१/०८२ मा ४० वटा र चालू आव २०८२/०८३ मा मात्रै ३२ वटा मुद्दा फैसला भइसकेका प्रशासन शाखा अधिकृत मनोज कुमार पराजुलीले चित्रवन सन्देशलाई जानकारी दिए। उनका अनुसार चालू आर्थिक वर्षमा मात्रै वन पैदावार र वन्यजन्तु अपराधतर्फ ४ वटा नयाँ मुद्दा दर्ता भई ७ जना पक्राउ परेका छन्। भने ९ जना फरार रहेका छन्। दर्ता भएका मुद्दामध्ये १ नदीजन्य वन पैदावार चोरी-निकासीसँग सम्बन्धित रहेको छ।

तस्करहरुबाट जफत गरिएका सामग्री तथा बरामद काठ र सवारी साधनको ठूलो परिमाणले यहाँको संगठित अपराधको आयाम देखाउँछ। पछिल्लो समय ३४ दशमलब ०८ क्युबिक फिट गोलिया, ९ दशमलब ४८ घन फिट चिरान काठ र ५ सय ३१ घन मिटर नदीजन्य पदार्थ बरामद गरिएको छ। साथै अवैध ओसारपसारमा प्रयोग गरिएका ३ वटा टिपर, ४० वटा जफत भएका साइकल, २ सय ६७ वटा बेवारिसे साइकल, ८१ वटा मोटरसाइकल र २५ वटा बस, ट्रक, अटो तथा ट्र्याक्टर लगायतका ठूला सवारी साधनहरु लिलामी प्रक्रियामा लगिएका छन्। काठ र साइकल लिलामीबाट मात्रै आव २०८१/०८२ मा ४८ लाखभन्दा बढी राजस्व सङ्कलन भएको अधिकृत पराजुलीले बताए।

अहिलेसम्म विभिन्न जातका १ हजार ५ सय १२ दशमलब ९२ क्युबिक फिट चिरान काठ र १ हजार ८ सय ०५ दशमलब २६ क्युबिक फिट गोलिया काठ

| आर्थिक वर्ष | फछ्र्यौट संख्या |
|---|---|
| आव २०७९/०८० | ५ मुद्दा |
| आव २०८०/०८१ | ३९ मुद्दा |
| आव २०८१/०८२ | ४० मुद्दा |
| आव २०८२/०८३ | ३२ मुद्दा |


लिलाम प्रक्रियामार्फत बिक्री भइसकेको छ। यसबाहेक फैसलामा जफत हुने ठहरेका ४० वटा साइकल र बेवारिसे अवस्थामा भेटिएका २६७ वटा साइकल लिलामी प्रक्रियामा लगिएको छ। त्यस्तै, ११ वटा जफत भएका, १० वटा पुर्पक्षमा रहेका र ६० वटा बेवारिसे (हकदाबी पर्न नआएका) मोटरसाइकलहरु तथा अन्य २५ बस, ट्रक, अटो, ट्र्याक्टर लगायतका ठूला सवारी साधनहरु पनि लिलामीको प्रक्रियामा रहेका छन्।


वन तथा वन्यजन्तु अपराधमा संलग्न जोकोही भए पनि कुनै छुट नदिने कठोर नीति लिइएको सूचना अधिकारी देवीप्रसाद पौडेलले जानकारी दिए। पुराना मुद्दाहरुलाई द्रुत गतिमा टुङ्गोमा पुऱ्याउँदै नयाँ हुने सम्भावित अपराध रोक्न निगरानी र गस्तीलाई अझ कडा बनाइएको उनको भनाइ छ। पौडेलका अनुसार आगामी दिनमा स्थानीय समुदाय, प्रहरी प्रशासन र नागरिक समाजसँगको सहकार्यमा वन संरक्षण अभियानलाई थप प्रभावकारी र नतिजामुखी बनाइनेछ।

## चितवनका केरा किसानलाई राहत : भारतीय

डिभिजन वन कार्यालय, चितवन

# वन्यजन्तु उद्धार तथा व्यवस्थापन




डिभिजन वन कार्यालय, चितवन

# चितुवा उद्धार, भरतपुर-15, मंगलपुर







डिभिजन वन कार्यालय, चितवन

# चितुवा उद्धार, भरतपुर-15, मंगलपुर




बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिबिजन वन कार्यालय चितवन**

भरतपुर, चितवन, नेपाल

प.सं. २०८३/०८४ योजना

च.नं.

सूचना ! सूचाना !! सूचना !!!

विगत २ महिना अघि देखि भरतपुर महानगरपालिका वडा नं.१५, वडा नं.५ का विभिन्न स्थानहरुमा तथा कृषि तथा वन विज्ञान विश्व विद्यालय रामपुर हाता भित्र चितुवाको माउ वच्चा रातको समयमा देखिने र ठाउँ, ठाउँमा कुकुर मार्ने घटना भएको हुँदा यस कार्यालयको समन्वयमा राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) सौराहाका प्राविधिकहरुवाट उक्त चितुवालाइ सुरक्षित तवरले नियन्त्रणमा लिन सम्भावित विभिन्न स्थानमा ३ वटा BOx Trap ३ स्थानमा Foot Trap र विभिन्न स्थानहरुमा Camera Trap राखी गरीएको नियन्त्रणको प्रयासवाट मिति २०८३।०४।१३ गते राती भरतपुर-१५ गोपाल चोक स्थित अविनास पोल्ट्रीको हाता भित्र राखिएको BOx Trap वाट १ वटा चितुवाको बच्चा सुरक्षित तवरले नियन्त्रणमा लिई NTNC सौराहामा उपचार गरी राखिएको व्यहोरा विभिन्न संचार माध्यमहरुवाट जानकारी गराइएको नै छ। हालका दिनहरुमा कृषि तथा वन विज्ञान विश्व विद्यालय रामपुरको हाता भित्र र आसपासका क्षेत्रमा १ माउ र १ बच्चा चितुवा रातको समयमा देखिने गरेको र दिनको समयमा रामपुर क्याम्पसको हाता भित्र रहेको झाडीमा लुकेको हुन सक्ने आशंकामा मिति २०८३।०४।२४ र २५ गते Thermal dron उडानबाट उक्त चितुवाको खोजी गरी सम्भावित स्थानमा Trap लाई सारी सुरक्षित तवरले नियन्त्रण गर्ने प्रयास जारी रहेको व्यहोरा सम्पूर्णमा जानकारी गराउँदछौं । रातको समयमा चितुवा देखा पर्ने गरेको भरतपुर वडा नं.१५ , वडा नं.५ र रामपुर क्याम्पस हाता भित्र वसोवास गर्ने नागरीकहरुले विशेष सतर्कता अपनाउन, वालवच्चाहरु एक्लै नछोड्न, साँझ विहान एक्लैदुक्लै नहिड्न तथा कुकुर र अन्य घरपालुवा जनावर (बाख्रा, भेडा, कुखुरा आदी) सुरक्षित तवरले राख्न विशेष अनुरोध तथा आग्रह गर्दछौं साथै वर्षातको समयमा गाउँ वस्तीमा झाडी फैलिएको हुँदा दिनको समयमा उक्त चितुवा झाडीमा लुक्ने र राती घर गाउँमा देखा पर्ने गरेको विश्लेषाण गरींएको हुँदा सम्वन्धित टोलविकास संस्था, वडा कार्यालयहरु, क्याम्पस प्रशासन समेतवाट झाडी हटाइ सरसफाइ कायम गर्न सकिएको खण्डमा उक्त चितुवा सुरक्षित नियन्त्रण गर्न सहज हुने वा चितुवा आफ्नो प्राकृतिक वासस्थान (नजिकैको ज्ञानेश्वर, सेतीदेवी सामुदायिक वन क्षेत्र) मा फर्कन सक्ने हुँदा आ-आफ्नो वरीपरी रहेका झाडी सरसफाई गर्न सरोकारवाला सवैमा हार्दिक अनुरोध गर्दछौं। घर गाउँमा उक्त चितुवा देखा परेमा तत्काल डिभिजन वन कार्यालय चितवनमा सम्पर्क गर्नु हुन अनुरोध गर्दछौं ।

<u>सम्पर्क व्यक्ती</u>

वरिष्ठ वन अधिकृत श्री देवी प्रसाद पौडेल मो.९८५५०९२२२२

रेञ्जर श्री सुदिप हमाल मो. ९८४५३५९०२४

वरिष्ठ डिभिजनल वन अधिकृत

# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## मुद्दा बरामद तथा बेवारिसे बरामद सवारी साधनहरु लिलाम/बिक्री

- **हालसम्म बरामद भएको सवारी साधनहरुको विवरणः**

➢ **साइकलन थानः 326** (267 गोटा बेवारिसे बरामद र 59 गोटा मुद्दामा बरामद भएको)

➢ **जसमध्ये लिलाम बिक्री भएको साइकल थानः 267 बेबारिसे**

➢ **राजस्व सङ्कलनः रु. 2,52,000/-**

➢ **मोटरसाईकल थानः 81** (60 गोटा बेवारिसे बरामद र 21 गोटा मुद्दामा बरामद भएको)

➢ **बस, ट्रक, भ्यान, अटो, ट्र्याक्टर थानः 25**

➢ **धेरै वर्षदेखि बरामद डिभिजनमा ड्याम्पिङ्ग भएका सवारी साधनहरु लिलाम बिक्री गर्ने प्रकृयामा रहेको।**

➢ **लिलाम बिर्क्रीको अन्तिम सहमतिको लागि मन्त्रालयमा फाईल पेश भइसकेको।**

# कसुरजन्य सवारी साधनहरु













# कसुरजन्य सवारी साधनहरु














# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## जोखिमयूक्त रुखहरुको व्यवस्थापन

| सि.नं | विवरण | रुख संख्या | थान | काठ (क्यू.फि.) | दाउरा (चट्टा) |
|---|---|---|---|---|---|
| १ | जोखिमयुक्त-क्याम्पा | 4 | 19 | 245.41 | 0.00 |
| २ | जोखिमयुक्त-ट्राफिक प्रहरी कार्यालय | 2 | 26 | 256.00 | 0.10 |
| 3 | आपटारी देवघाट सडक खण्ड | 25 | 306 | 2460.23 | 5.75 |
| ४ | सगुन टोल जोखिमयुक्तरुख | 3 | 41 | 660.43 | 0.00 |
| ५ | लामाटोल कमिनिघाट पदमपुर | 8 | 62 | 424.62 | 1.00 |
| 6 | भोजाड लंकलाइन पदमपुर | 34 | 321 | 2197.50 | 3.10 |
| ७ | सशस्त्र प्रहरी वल आपटारी | 9 | 141 | 1136.49 | 1.25 |
| ८ | नेपाल प्रहरी शिक्षालय | 2 | 39 | 486.07 | 0.25 |
| 9 | राजमार्ग ट्राफिक सुरक्षा रामनगर | 1 | 11 | 153.83 | 0.00 |
| १० | मर्याङ्गदी कोरिडोर २२० के.भी. | 16 | 233 | 1491.40 | 1.75 |
| ११ | जोखिमयुक्त डि.व.का परिसर | 21 | 167 | 1141.09 | 2.00 |
| 12 | खगेरी नहर | 4 | 29 | 337.06 | 0.00 |
| १३ | रामपुर चनौली सडक खण्ड | 26 | 180 | 819.49 | 1.25 |
| | **जम्मा** | **155** | **1575** | **11809.62** | **16.45** |

# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## जोखिमयूक्त रुखहरुको व्यवस्थापन

- वन नियमावली २०७९ को तेश्रो संसोधनको नियम ३६ र ३७ अनुसार

## आगामी दिनमा गरिने

- प्रहरी तालिम केन्द्र, तिकौली सडक खण्ड, केहि सामुदायिक वनको जोखिमयुक्त रुखलाई सोहि सा.व.को बार्षिक कटानमा मिलान हुनेगरी व्यवस्थापन गर्नुपर्ने,
- वनको केहि सरकारी कार्यालयको व्यवस्थापन गर्नु पर्ने तर यसमा ऐलानी, पर्ती, अतिक्रमित जग्गामा बनेको संरचनामा समस्या भै रहेको, कटानको माग आएको तर कानुनी जटिलता भएको, मानवीय हिसाबबाट पनि हटाउनु पर्ने देखिएको तर समस्या भएको

# जोखिमयुक्त रुखहरु निरीक्षण









# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## कबुलियती वनको काठ दाउरा लिलाम बिक्री

| सि.नं. | समूहको नाम ठेगाना | काठ (क्यू.फि.) | दाउरा (चट्टा) | सकार रकम रु. | राजस्व (50%) रु. | समूहमा जम्मा हुने रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सकार (५०%) | सङ्कलन खर्च | जम्मा |
| १ | चुवारटाँडी कवुलियती वन समूह कालिका न.पा.-8 | १८८८.०४ | २ | 1512000 | 756000 | 756000 | 294620 | 1050620 |
| २ | ठुलोविकटा कवुलियती वन समूह कालिका न.पा.-8 | 490.31 | 1 | 401000 | 200500 | 200500 | 43880.6 | 244380.6 |
| 3 | सानोविकटा (ग) कवुलियती वन समूह कालिका न.पा.-8 चितवन | 187.65 | 1 | 90000 | 45000 | 45000 | 41418 | 86418 |
| 4 | जलदेवी कवुलियती वन समूह कालिका न.पा.-10 | 378.29 | 0 | 282000 | 141000 | 141000 | 79441 | 220441 |
| 5 | कोसरापाखा कवुलियती वन समूह, कालिका न.पा.-11 | 654.41 | 1 | 570000 | 285000 | 285000 | 154341 | 439341 |
| | **जम्मा** | **३५९८.७** | **५** | **२८५५०००** | **१४२७५००** | **१४२७५००** | **६१३७०१** | **२०४१२०१** |

- **मु.अ.कर रु. 4,50,931/-**

# कबुलियती वन समूहबाट उत्पादित काठ दाउरा









डिभिजन वन कार्यालय, चितवन

# कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुगमन










# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## चिउरी, चेपाङ्ग र चमेरो कार्यक्रम

- **कालिका न.पा. अवस्थित इन्द्रेणी सामुदायिक वन क्षेत्रमा 12.65 कि.मि.को बाटो चिउरी रुटको रुपमा विस्तार गर्न सकिने**








# चिउरी, चेपाङ र चमेरो

## जीवन्त अन्तरसम्बन्ध





चेपाङ समुदायको उत्थानको लागि
चिउरी र चमेरो संरक्षण अभियान
चेपाङ समुदायको परिचय
चेपाङ समुदाय जल, जमिन, जंगल, बन्यजन्तु लगायत प्रकृतिको भरमा सदियौंदेखी जीविकोपार्जन गरी प्रकृतिमैं रमाउदै आएका छन् ।
चेपाङ समुदायलाई प्रकृतिका पुजारी भनेर पनि चिनिन्छ ।
चिउरीको महत्व
→ चिउरी अत्यन्त गुणकारी र लाभदायक वनस्पति हो यसको पातदेखि फल, बियाँ फूल, रूख सबै उपयोगी हुनाले यसलाई आधुनिक युगको कल्पवृक्ष पनि भन्ने गरिन्छ ।
→ यसको पात गाईबस्तुको आहारा हो भने फूल, चमेरो, मौरी, चराचुरूङ्गी र पुतलीको गन्तव्य हो ।
→ यसको फल सोभैं खानुका साथै फलबाट घ्यू सर्बत, पेय पदार्थ आदि बनाईन्छ ।
→ यसको रूखले ताजा अक्सिजन, घहारी, दिनुका साथै भूक्षय रोकि वातावरणीय सेवा प्रदान गर्छ ।
जन गणना २०७८ अनुसार नेपालमा चेपाङ जातीको जनसङ्ख्या करिब ८४,३६४ (0.२९%) रहेको छ ।
कालिका नगरपालिकाको ११ वटा वडामध्ये ९, १० र ११ न.का वडाहरूमा चेपाङ समुदायको बाहुल्य रहेको छ ।
चमेरोको महत्व
→ संसारमा बच्चा जन्माएर पनि उड्न सक्ने जनावर चमेरो मात्र
→ नेपालमा ७५ प्रजातिका चमेरो मध्ये मुसाकाने चमेरो नेपाल को रैथाने प्रजाति हो ।
→ चमेरोले चिउरीको फूलबाट रस खाँदा यिनको शरिमा परागकण (भाले भाग) टाँसिन्छ र पोथी फूलमा त्यो परागकण सार्दछ जसले गर्दा चिउरीको फल धेरै फल्छ र फल ठुलो पनि
→ चमेरोले वनस्पतिलाई एक ठाउँबाट अर्को ठाउँमा मदत गर्दछ ।
→ यस्तो बहुगुणी जनावर भएकाले यसको संरक्षण गर्न
चिउरी चमेरो र चेपाङ जातिको अन्तरसम्बन्ध
→ चिउरीले चमेरोलाई वासस्थान तथा खाद्यान्नको रूपमा रस पराग, फल प्रदान गर्ने, चेपाङ समुदायलाई फल, घाँस, दाउरा आदि प्रदान गर्ने, चमेरोले चिउरीको परागसेचन गराईदिदा गुणस्तरीय फल फल्ने र चेपाङ समुदायले चिउरी र चमेरोको संरक्षण गर्ने हुनाले यिनको सम्बन्धलाई ऐतिहासिक, सास्कृतिक एवम् प्रथाजनित समेतको बहुआयामिक सम्बन्धको रूपमा बुझ्नुपर्दछ ।
बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल
"चिउरी बचाऊँ चमेरो जोगाऔं
चेपाङ समाज समृद्ध बनाऔं"
कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
रेडक्रसग्राम चितवन

# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## बरण्डाभार वन संरक्षण क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम

- बरण्डाभार वन क्षेत्रमा अवस्थित पञ्चकन्या सामुदायिक वन, चतुर्मुखी सामुदायिक वन र भिमवली सामुदायिक वन क्षेत्रमा इभिनिङ्ग सफारी र नाईट होमस्टे कार्यक्रमको लागि प्रयास भइरहको।
- सामुदायिक वन क्षेत्रभित्र पार्क तथा पिकनिक स्थल विकास हुँदै।
- वन्यजन्तुको बासस्थान (घाँसे मैदान तथाताललैया) व्यवस्थापन
- भ्यू टावरको निर्माण

# ➢बरण्डाभार वन संरक्षण क्षेत्रको हाईकिङ्ग रुढ अवलोकन








# जलदेवी सामुदायिक वनमा काठको संरचना निर्माण



# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## पुरानो काठ दाउरा पुनर्मुल्याङ्कन (Devaluation)

- पटकपटक लिलाम बिक्रीका लागि सूचना प्रकाशन भएतापनि लिलाम बिक्री हुन नसकेका काठ/दाउरा पुनर्मुल्याङ्कन भएको।
- पुनर्मुल्याङ्कन (Devaluation)(साल 48 प्रतिशत, सिसौ 68 प्रतिशत र अन्य 27 प्रतिशत) लागि निर्णय भएको।
- डिभिजन वन कार्यालय चितवनमै पहिलो पटक 5,329.19 क्यू.फि. काठ (Devaluation) प्रकृया मार्फत लिलाम बिक्री हुँदै।
- लिलाम बिक्री हुन नसकेका पुरानो मौज्दात काठ/दाउराको व्यवस्थापन तथा लगत कट्टीमा गर्न राम्रो प्रयासको रुपमा लिन सकिने।
- पुनर्मुल्याङ्कन भएका वन पैदावारको विवरणः

| क्र.सं. | प्लटको नाम | जात | थान | काठ (क्यू.फि.) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | सतनचुली ढ.पा. 4 | साल | 181 | 1257.90 | |
| | | अन्य | 9 | 137.07 | |
| 2 | सुपर त्रिशुली जलविद्युत आयोजना | सिसौ | 171 | 478.28 | |
| | | अन्य | 721 | 3455.94 | |
| | **जम्मा** | | **1082** | **5329.19** | |

# पुरानो काठ/दाउराको अवस्था











# पुरानो काठ/दाउराको अवस्था










# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## कृष्णसार स्थानान्तरण

- **रत्ननगर नगरपालिका वडा नं. 09 मा अवस्थित बरण्डाभार वन संरक्षण क्षेत्र, टिकौलीको 19.83 हेक्टर वन क्षेत्र कृष्णसार स्थानान्तरण प्रकृयामा रहेको।**

- **जोखिमयुक्त रुखहरु (129 गोटा) रुख हटाउनका लागि मन्त्रालयमा कागजातहरु पेश भएको।**



मिति: २०८३ / ०२ / ०५

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं ।

विषय: प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

उपर्युक्त विषयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको च. नं. ७७३ मिति २०८२/१२/२३ को पत्रको बुँदा नम्बर ७ मा उल्लेखित हामी तपसिलका व्यक्तिहरुले प्रस्तावित कृष्णसार स्थानान्तरण क्षेत्र टिकौलीको स्थलगत अध्ययन गरि निम्न अनुसारको प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

प्रतिवेदक:

ड्रिल बहादुर पुर्जा पुन : प्रमुख संरक्षण अधिकृत, चितवन राष्ट्रिय निकुञ्ज

विष्णु प्रसाद आचार्य : डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, चितवन

राजकुमार गुरुङः प्रमुख, राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता केन्द्र, सौराहा, चितवन

शंकर कुँवर: इन्जिनियर, रत्ननगर नगरपालिका, चितवन

हेमराज आचार्य: सहायक संरक्षण अधिकृत, चितवन राष्ट्रिय निकुञ्ज

रविन चौधरी: सहायक संरक्षण अधिकृत, चितवन राष्ट्रिय निकुञ्ज

राजेश पौडेल: रेन्जर, रत्ननगर नगरपालिका, चितवन

दिपक थापा: अध्यक्ष, बरण्डाभार वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद, चितवन

गोविन्द स्याङतान : अध्यक्ष, पन्चकन्या सामुदायिक वन उपभोक्ता समूह, र.न.पा. ११, चितवन

# कृष्णसार स्थानान्तरण

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

वातावरण तथा जैविक विविधता महाशाखा

जैविक विविधता शाखा

पत्र संख्या :-क/२०८२/०८३
चलानी नं. :- 663

मिति :-२०८२/१२/२३
नेपाल संम्वत्: ११४६

**विषयः कृष्णसार स्थानान्तरण सम्वन्धमा।**

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल ।

रा.नि. तथा व... विभाग
दर्ता नं.: 3982
मिति : 2082/12/24

प्रस्तुत विषयमा तहाँ विभागबाट टिकौली, चितवनमा कृष्णसार स्थानान्तरण गर्न स्वीकृतिको लागि पेश हुन आएको टिप्पणी फाइल माथि कार्वाही हुँदा कन्चनपुर जिल्ला स्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र बर्दिया जिल्लास्थित कृष्णसार संरक्षण क्षेत्र समेतबाट चितवन जिल्लाको वरण्डाभार क्षेत्रको टिकौलीमा तपसिल बमोजिमका ७ (सात) वटा शर्त सहित व्यवस्थापन योजना बमोजिम गर्ने गराउने गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३० को नियम ३६(छ) को उपनियम (३) बमोजिम कृष्णसार स्थानान्तरण गर्न वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०८२/१२/१८ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

तपसिल

१. कन्चनपुरको हिरापुर फाँटा र बर्दियाको खैरापुर समेतबाट टिकौली, चितवनमा के कति संख्यामा कृष्णसार स्थानान्तरण गर्ने निर्णय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गरी विभागको नेतृत्व र राष्ट्रिय प्रकृति संरक्षण कोष समेतको प्राविधिक सहयोगमा कृष्णसार स्थानान्तरण गर्ने।
२. कृष्णसार स्थानान्तरण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्था रत्ननगर नगरपालिकाले गर्ने र आवश्यकतानुसार अन्य सरकारी, गैरसरकारी संघ, संस्थाबाट सहायता प्राप्त गर्न सकिने।
३. स्थानान्तरण पश्चात सो क्षेत्रको व्यवस्थापन डिभिजन वन कार्यालय, चितवनको सुपरिवेक्षणमा यस मन्त्रालय (सचिवस्तर) को मिति २०७८/३/२४ को निर्णयानुसार स्वीकृत कार्ययोजना (यसैसाथ संलग्न) उल्लिखित वरण्डाभार वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का अध्यक्षको संयोजकत्वको व्यवस्थापन समितिले गर्ने र सो को अनुगमन रत्ननगर नगरपालिकाका प्रमुखको संयोजकत्वको अनुगमन समितिले गर्ने।
४. कृष्णसार स्थानान्तरण गरिएको क्षेत्रको स्थलगत अनुगमन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोष सम्मिलित टोलीले कम्तीमा ६/६ महिनामा गरी वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।
५. कृष्णसार स्थानान्तरण गरिएको क्षेत्रको आवश्यक सुरक्षा र निगरानीको व्यवस्था डिभिजन वन कार्यालय, चितवन र सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौलीले गर्ने।

फोन नं. :-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :- 082/83
चलानी नं. :- 663

मिति :-

६. पेश हुन आएको Blackbuck Translocation and Site-specific Management Plan को हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले आवश्यकतानुसार परिमार्जन गरी गराई स्वीकृत गर्न सक्ने र सो को कार्यान्वयन माथि बुँदा नं. २ र ३ बमोजिम हुने।
७. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र डिभिजन वन कार्यालय, चितवनको प्रतिनिधि सम्मिलित प्राविधिक टोलीले स्थानान्तरण गरिने स्थानको अवलोकन गरी स्थानान्तरण गर्न उपयुक्त छ भन्ने विषयमा सुनिश्चितता भए पश्चात मात्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले स्थानान्तरणको प्रकृया बढाउने।

(ज्ञानेन्द्र कायस्थ)
वन अधिकृत

बोधार्थ
श्री वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाण्डौं।
श्री रत्ननगर नगरपालिका
रत्ननगर, चितवन।
श्री डिभिजन वन कार्यालय
भरतपुर, चितवन।
श्री राष्ट्रिय प्रकृति संरक्षण कोष
खुमलटार, ललितपुर।

फोन नं. :-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८

# कृष्णसार स्थानान्तरण

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(.................................................. शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या २०८२/०८३-इको.
चलानी नं. :- 2252

मिति: २०८३/०१/२१
नेपाल संवत् ११४६

विषयः कृष्णसार स्थानान्तरण सम्बन्धमा।

श्री वरिष्ठ संरक्षण अधिकृत,
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय,
कसरा, चितवन ।

प्रस्तुत विषयमा मिति २०८२/१२/१८ मा वन तथा वातावरण मन्त्रालय(माननीय मन्त्रीस्तर)बाट कृष्णसार स्थानान्तरण गर्न निर्णय भए बमोजिम श्री वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक .विविधता महाशाखा, सिंहदरबार, काठमाडौंको प.सं ०८२/८३ च.नं. ७७३ मिति २०८२/१२/२३ को पत्र मार्फत निर्णयानुसारको व्यहोरा यसैसाथ संलग्न छ । विस्तृत विवरणसंलग्न कागजातबाट अवगत गरी वन तथा वातावरण मन्त्रालय माननिय मन्त्रीस्तरबाट मिति २०८२/१२/१८ मा भएको निर्णयको शर्त नं ७ सम्बन्धमा यस विभागको प्रतिनिधिको रुपमा खटिई कृष्णसार स्थानान्तरण गर्ने क्षेत्रको अवलोकन गरी स्थानान्तरण गर्नुपूर्व तयारी कार्यहरु सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्न अनुरोध छ ।

२०८३।०१।२१

(डा. बुद्धिसागर पौडेल)
महानिर्देशक

बोधार्थः
श्री राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुर ।
श्री डिभिजन वन कार्यालय, भरतपुर, चितवन ।



# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

## कार्ययोजना नविकरण

### क. कबुलियती वन

- जम्मा समूहः 431 (आ.व. 2082/83 सम्म)
- नविकरण गर्नु पर्नेः 330 (76.57 प्रतिशत)
- नविकरण भएको समूह संख्याः 304 (250 रेड कार्यान्वयन केन्द्रको आर्थिक सहयोगमा)
- नयाँ गठन/हस्तान्तरः ३ समूह

### ख. सामुदायिक वन

- जम्मा सामुदायिक वन हस्तान्तरणः 93
- नविकरण गर्नु पर्नेः १२
- नविकरण भएकोः 11
- जस मध्ये राप्ती स.डि.व.का. अन्तर्गत जयश्री ब्रम्हस्थानी सा.व.को कार्ययोजना तयार भएतापनि समूहको आन्तरिक विवादले गर्दा कार्ययोजना नविकरण हुन नसकेको।

# कार्यालयले गरेको केही महत्वपूर्ण प्रयासहरु

- सालक संरक्षण
- पलास र मौवा वृक्षारोपण (पञ्चकन्या सामुदायिक वन, भिमवली सामुदार्यिक वन र माडीमा वृक्षारोपण भएको।
- नवग्रह बाटिका, राशि बाटिका र नक्षत्र बाटिक कार्यक्रम


# ➢सामुदायिक वनमा युवा प्रतिनिधिको बिषयमा छलफल

- ➢9 बुँदे घोषणापत्र
- ➢सामुदायिक वनमा युवा सहभागीताको बिषयमा बिगतको तुलनामा उल्लेख्य वृद्धि भएको तर थप मेहनत गर्नु पर्ने









सामुदायिक वनमा युवा विषयक डिभिजनस्तरीय संवाद

चितवन घोषणा पत्र

चितवन जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको कार्यसमितिमा प्रतिनिधित्व गर्ने ४० वर्षसम्मका ८० जना युवाहरुको उपस्थीतिमा बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री भरत बहादुर केसीज्यूको प्रमुख अभिभावकत्वमा भएको सामुदायिक वनमा युवा डिभिजनस्तरीय संवाद कार्यक्रमबाट हामी देहाय अनुसारको विषयमा प्रतिबद्धता र अपेक्षा सहितको घोषणा पत्र जारी गर्दछौं ।

१. सामुदायिक वन उपभोक्ता समूहको संस्थागत सुशासन, नेतृत्व हस्तारण र युवा प्रतिनिधित्वको लागि कार्य समितिमा कम्तीमा २५ प्रतिशत युवाको समानुपातिक प्रतिनिधित्वको लागि प्रतिबद्ध रहेका छौं ।

२. वनमा आधारित उद्यम विकासका लागि युवा मैत्री र प्रकृयागत सरलता भएमा हामी उद्यम विकासमा लाग्न तयार छौं। तर यसका लागि कानून संशोधनको अपेक्षा गर्दछौं ।

३. युवाले उत्पादनमा आधारित उद्यम सञ्चालन गरेमा उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न स्थानीय र प्रदेश सरकारसँग अनुरोध गर्दछौं ।

४. सामुदायिक वनमा रहेको स्रोतको अधिकतम सदुपयोग गर्ने सन्दर्भमा कुनै उपभोक्ता उद्यमीले वनको कच्चा पदार्थ प्रशोधन गरि बिक्री गर्न चाहेमा समूहले आन्तरिक खपत सरहको प्रकृया र मूल्यमा कच्चा पदार्थ दिन सक्ने व्यवस्था मिलाउन हार्दिक अनुरोध गर्दछौं ।

६ सामुदायिक वन उपभोक्ता समूह दिगो संस्था भएकोले तहगत सरकारले गर्ने विकास निर्माणका क्रियाकलापहरुमा विकास निर्माणको प्रवेशद्वार सामुदायिक वन उपभोक्ता समूहहरुलाई संलग्न गराउने कानूनी व्यवस्था तथा परिपाटीको विकास गर्न हार्दिक आग्रह गर्दछौं ।

७. सबै स्थानीय तहमा युवा लक्षित वन पैदावारमा आधारित उद्यम प्रवर्द्धन सहयोगका लागि हार्दिक अनुरोध गर्नेछौं ।

८. हरेक सामुदायिक वनहरुले वनको सदुपयोग मार्फत नियमित आर्थिक परिचालन गरी उद्यम प्रवर्द्धन गर्न सामुदायिक वनहरु, वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघ **(FECOFUN)** सँग हार्दिक अनुरोध गर्दछौं ।


९ हरेक तहमा तयार हुने ऐन कानून निर्माण प्रकृयामा युवाहरुको सहभागीताको सुनिश्चितता गर्न सहकार्य गर्नेछौं ।

Page 1 of 2

Scanned with CamScanner

## ➢प्रथम बागमती सालक सम्मेलनः ७ बुँदे घोषणापत्र



प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, नेपाल

**सालक संरक्षणका लागि माडी घोषणापत्र**

**२६ माघ, २०८२, चितवन, माडी**

संसारभर सङ्कटापन्न स्तनधारी प्राणी सालक संरक्षणका लागी हामी बागमती प्रदेशमा क्रियाशील सरकारी निकाय, संरक्षण साझेदार सङ्घ संस्था, संरक्षणकर्मी, विज्ञ, उपभोक्ता समूह, लगायतका सरोकारहरूको गम्भीर चासो रहेको छ । तामे सालक र कालो सालक नामक दुई वटा प्रजातिहरू यस प्रदेशभर भेटिएका छन् । अवैध व्यापार र वासस्थान विनाश समेतका कारण सालक सङ्कटापन्न अवस्थामा रहेका छन् । यी जोखिमहरूलाई नियन्त्रण गर्दै सालक संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । सङ्कटापन्न सालक प्रजातिहरूको संरक्षणका निम्ति बागमती प्रदेश वन तथा वातावरण मन्त्री माननीय भरत के सिको नेतृत्वमा आयोजना भएको सालक सम्मेलनमा सङ्घीय तथा प्रदेश वन तथा वातावरण मन्त्रालय मातहतका निकायहरू, संरक्षण साझेदार सङ्घ संस्थाहरू, संरक्षणकर्मी, विज्ञ, समुदायमा आधारित वन उपभोक्ता समूहहरू लगायत सरोकारवाला निकायहरू समेतको उपस्थितिमा बृहत् छलफल गर्दै किसानको साथी भन्ने मूल नाराक साथ सम्पन्न प्रथम बागमती सालक सम्मेलनमा निम्न प्रतिवदता सहितको सालक संरक्षणका लागि माडी घोषणापत्र २०८२ जारी गदछौं ।

- सालक पाइने वन र संरक्षित क्षेत्रहरूमा संरक्षण तथा वासस्थान व्यवस्थापन, संरक्षण शिक्षा अभिवृद्धि लगायतका कार्यहरू सरोकारवाला निकायको पहलमा कार्यान्वयन गर्ने गराउने ।
- चोरी सिकार तथा अवैध व्यापार नियन्त्रणका लागि तिन तहका सरकार, संरक्षण साझेदार सङ्घ संस्थाहरू, स्थानीय समुदायहरूको सहयोगमा सामुहिक पहल गर्ने ।
- नेपाल सरकारले तर्जुमा गरेको सालक संरक्षण कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न प्रदेशस्तरीय योजना बनाइ सोको लागी आवश्यक साधन स्रोत जुटाइ लागु गर्ने ।
- स्थानीय समुदायको सहभागितामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घ संस्थाहरू, विश्व विद्यालय, तिनै तहका सरकार समेतको सहकार्यमा सालक संरक्षणका लागि आवश्यक अध्ययन अनुसन्धान अगाडि बढाउने ।
- सालक संरक्षणका लागि स्थानीयको सक्रिय सहभागिता र अपनत्व हुने गरी संरक्षण कार्ययोजना निमार्ण तथा प्रभावकारी कार्यान्वयन गर्ने ।
- अन्य सबै प्रदेश तथा राष्ट्रियस्तरमा सालक सम्मेलन गर्न बागमती प्रदेश सरकार मार्फत अनुरोध गर्ने ।
- यस सम्मेलनमा मुख्यमन्त्रीज्युको सन्देशमा सालकलाई प्रदेशको गौरवको प्राणी घोषणा गरी यसको संरक्षणमा नीति कार्यक्रम सहितको उचित बजेट व्यवस्थापनको प्रतिबद्धता जाहेर गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दै सोको वैधानिकता प्रदान गर्न आवश्यक पहल गर्ने ।

# प्रथम बागमती सालक सम्मेलन सम्पन्न (Pride animal)












# वन वातावरणका समसामयिक बिषयमा बहस, छलफल, अन्तरक्रिया





# नक्षत्र वाटिका


**वन जोगाउनु भनेको वन, वातावरण, वन्यजन्तु जोगाउनु मात्र होइन वन जोगाउनु भनेको इतिहास, सभ्यता, संस्कृतिसंगै समृद्धि पनि जोगाउनु हो। तसर्थ देशव्यापी रूपमा देव वाटिका (नवगृह वाटिका, राशी वाटिका, नक्षत्र वाटिका, पञ्चवटी वाटिका लगायत अन्य वाटिका) निर्माण गरौं। प्रकृतिसंगै संस्कृति जोगाऔं, पूर्खाको धरोहर जोगाऔं।**




नवग्रह वाटिका




राशी वाटिका




नक्षत्र वाटिका

डिभिजन वन कार्यालय
चितवन

# समस्याहरु

- आर्थिक वर्षको अन्तमा समेत कार्यक्रम थप हुनु
- जोखिमयूक्त रुखहरुको व्यवस्थापन
- मानव वन्यजन्तु द्धन्द्ध र राहत वितरण
- बढ्दो उजुरी तथा सम्बोधनमा समस्या
- बरण्डाभार वन संरक्षण क्षेत्रमा शहरी क्षेत्रको फोहोर व्यवस्थापनको स्थलको रुपमा प्रयोग हुनु
- दहत्तर बहत्तर काठ दाउरा व्यवस्थापन
- संस्थागत अतक्रमण
- जग्गा वितरण, कति बाड्ने ? कहिले हुने हो अन्त्य ? सरकार पिच्छे फरक फरक समिति
- वन डढेलो
- बरण्डाभार बिचको क्षेत्रमा व पैदावारको चोरी मुख्य समस्ष





# आगामी दिनमा गर्नु पर्ने र गर्न लागिएका कामहरु

- आवादीको सालको रुख कटान/ ओसार/ पसार।
- सहजता र कम लगानीको लागि खडा रुखको लिलामको प्रक्रिया आरम्भ (नमुनाको रुपमा) ।
- फोहोर मैला व्यवस्थापनमा अस्थायीको साटो स्थायी, सुरक्षित र दिर्घकालिन संरचनामा जोड दिने र यसको आवश्यक तयारी गर्ने (भरतपुर महानगर पालिका, रत्नानानगर, कालिका आदिको समस्या सामधनामा जानु पर्ने)।
- विद्यालयमा वातावरण शिक्षालाई जीवन्त तुल्याउन पालिका, साझेदार सस्थासँग मिलेर थप गतिबिधि गर्ने गराउने।

# आगामी दिनमा गर्नु पर्ने र गर्न लागिएका कामहरु

- झाडी वा मिचाहा प्रजातिको प्रयोगबाट मल लगायतको काममा गर्न सकिने सम्भावना रहेको
- बरण्डाभार क्षेत्रमा थप अध्ययन, लगानीको बिभिन्न साझेदारी सस्थासँग थप पहल भै रहेको
- घाँसे मैदान, तालतलैया व्यवस्थापना आदि
- वन डढेलो, बरण्डाभार बिचको क्षेत्रमा वन पैदावार चोरी मुख्य समस्या रहेको

# माइकेनिया झार हटाई घासे मैदान व्यवस्थापन, चतुर्मुखी सा.व., कालिका-१



पहिले





हाल



# जिल्ला वन पैदावार आपुर्ति समिति, चितवनको आ.व. २०८२/०८३ को प्रगति समिक्षा



# जिल्ला वन पैदावार आपूर्ति समिति चितवन मार्फत बिक्री हुने वन पैदावारको दररेट

| सि.न | विवरण | जात | ईकाइ | दर रु. | मू.अ.कर | बिक्रि मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाकल | साल | क्वीण्टल | 752.2 | 97.79 | 850 | |
| २ | अनसाइज (स्ट्रीप) | साल | क्वीण्टल | 3097.4 | 402.7 | 3500 | |
| ३ | भुष | - | के.जी | 3.983 | 0.5 | 4.5 | |
| ४ | काठ साल | | क्यु. फिट | २९६४.६२ | ३८५.४ | 3350 | |

काठ /दाउरा प्राप्तीको मुख्य स्रोत – राष्टिय वन अन्तर्गत वरण्डाभार वन संरक्षण क्षेत्र र
-काठ /दाउरा लिलाम बिक्री गर्ने सामुदियक वन

# आपूर्ति समितिको आ.व. २०८२/८३ मा काठ दाउरा बिक्रि विवरण तथा आम्दानी विवरण

| आम्दानी वापतको रकम | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **ईकाइ** | **परिमाण** | **बिक्रि बाट प्राप्त रकम (रु.)** | **कैफियत** |
| १ | गोलिया काठ | क्यु.फिट | ३२९७.८८ | ४८,४८,०५६.०१ | |
| २ | चिरान काठ | क्यु.फिट | ८५७३.११ | २,८३,६१,६३५.६८ | |
| ३ | बेसाइज | क्वीण्टल | ३८५.७८ | १३,५०,२५३.१५ | |
| ४ | बाकल | क्वीण्टल | ३१६.६८ | २,६९,१७८.०० | |
| ५ | भुष | के.जी | १४५६० | ६५,८११.२० | |
| ६ | दाउरा | चट्टा | २०६ | ४५,५५,९५०.०० | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| **जम्मा** | | | | **३९,४५०,८८४.४२** | |

# आपूर्ति समितिको आ.व. २०८२/८३को खर्च विवरण

| | |
|---|---|
| क. आपूर्ति समिति सञ्चालानार्थ प्रशासन तर्फको कार्यक्रम तथा बजेट | ३२८११८० |
| ख. कार्यालय व्यवस्थापन खर्च तर्फको कार्यक्रम तथा बजेट | ५२५२२७६ |
| ग. वन, वातावरण संरक्षण, विकास तथा व्यवस्थापन कार्यक्रम | २२५७१५९ |
| घ. पूर्वाधार विकास/निर्माण सम्वन्धी कार्यक्रम | ५०४२३२६ |
| ङ. वरण्डाभार वन संरक्षण क्षेत्र परिषद मार्फत संञ्चालन हुने वन विकासका कार्यक्रमहरु | २७२२७९६ |
| च. काठ/दाउरा उत्पादन तथा खरिद तर्फको बजेट | १६२८२६३० |
| जम्मा | ३४८३८३६७ |



# यँहाको सुझावको अपेक्षा सहित
# हार्दिक धन्यवाद

